# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः २० अक्तूबर २०२५

समयः १८:५० - १९:०० बजे

**<u>मुख्य समाचार</u>**

- राष्ट्रपमि द्रोपदी मुर्मु, उपराष्अ्रपति सी.पी राधाकृष्णन तथा प्रधानमंत्री नरेन्द्र मोदीले दीवालीको शुभ अवसरमा मानिसहरूलाई बधाई र शुभकामना दिनुभएको छ।
- गोरखाल्याााण्ड क्षेत्रिय प्रशासन इलाका , सिलगड़ी , तराई र डुर्वसमा आज भव्य रूपमा हर्ष-उल्लासका साथ पारम्परिक ढ़ंगमा प्रकाशको पर्व दीपावली मनाईन्दैछ।
- दार्जीलिङका लोसभा सांद राजु विष्टले फिन्चेटार देखि फेदी खेला बीच भत्केको सड़कको तत्काल मरमतिका लागि एमपी लैड कोषबाट ५० लाख रूपियाँ दिने घोषणा गरेका छन्।
- प्रर्वतन निदेशालयले पश्चिम बंगालमा अवेध बंगलादेशी र पकिस्तानी मुस्लिमहरूलाई फर्जी भारतीय पासर्पोट जारी गर्ने रैकेटको भन्डाफोड गरेको छ।
- कोलकाताको वायु गुणस्तर चिन्ताजनक अवस्थमा पुगेको राज्य प्रदुषण नियंत्रण बोर्डका एक अधिकारीले जनाएका छन्।

**<u>दीपावली</u>**

प्रकाशको पर्व दीपावली आज देश विदेशमा पारंपरिक हर्ष उल्लासका साथ मनाइन्दै छ । अन्धकार माथि प्रकाश ,असत्य माथि सत्यको जीतको प्रतीक हो।यस अवसरमा मंदिरहरु , घरहरु र अन्य सार्वजनिक स्थानहरुमा प्रकाश पारेर मनान्दैछ। यस अवसरमा मानिसहरुले धनकी देवी माता लक्ष्मीको पूजा-अर्चना गर्ने गर्छन।

राष्ट्रपति द्रौपदी मुर्मु , उपराष्ट्रपति सी.पी. राधाकृष्णन, प्रधानमंत्री नरेन्द्र मोदीले दिपावलीको अवसरमा मानिसहरुहरुलाई शुभकामना दिनुभएको छ। आफ्नो संदेशमा , राष्ट्रपति मुर्मुले यो दिपावलीले सबैको लागि सुख, शांति र समृद्धि लिएर आओस भन्नु हुदै सबैलाई सुरक्षित, ज़िम्मेदारीपूर्वक र पर्यावरण अनुकूल तरीकाले दिपावाली मनाउने आग्रह गर्नु भएको छ। आफ्नो संदेशमा, उपराष्ट्रपति श्री राधाकृष्णनले दिपावलीलाई नराम्रो माथि राम्रो र अज्ञानता माथि ज्ञानको विजयको उत्सव भएको बताउनु भएको छ।

प्रधानमंत्री नरेन्द्र मोदीले दीपावलीको अवसरमा देशवासिहरुलाई बधाई दिनुहुदै यो पर्वले सबै नागरिहरुको जीवन सद्भावना, प्रसन्नता र समृद्धिले प्रकाश बनोस भनि कामना गर्नु भएको छ।
गृह मंत्री अमित शाहले सबै देशवासिहरुलाई दीपावलीको शुभकामना दिनुभएको छ। एक सोशल मीडिया पोस्टमा , श्री शाहले भगवान रामसित , सबैको लागि सुख, समृद्धि र सु -स्वास्थ्यको , प्रार्थना गर्नुभएको छ।

**<u>मुख्यमंत्री ममता बनर्जी एवं अन्य नेताहरुद्वारा दिवालीको शुभकामना</u>**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जीले देशवासीहरूलाई दीपावली तथा काली पूजाको शुभकामना दिंनुहुदै एकता एवं साम्प्रदायिक सौहार्दलाई कायम राख्ने अपील मानिसहरूसित गर्नु भएको छ । मुख्यमन्त्रीले सोशल मीडिया एक्सको आफ्नो सन्देशमा लेखिन्, "सबैलाई दीपावलीको हार्दिक शुभकामना! दीपहरूको प्रकाश अनि यस पर्वको भावनाले सबैको जीवनमा खुशी, शान्ति एवं समृद्धि ल्याओस् तथा हाम्रो समाजमा एकता अनि सौहार्दलाई प्रेरित गरोस्।"अर्कोतिर बंगाल भाजपाका प्रदेश अध्यक्ष औ राज्यसभा सांसद समिक भट्टचार्यले पनि काली पूजाको अवसरमा आफ्नो सोशल मीडिया सन्देशमा आध्यात्मिक सन्देश दिनुहुदै उहाँले भन्नु भयो,जब जीवन थकित हुन्छ, मन बोझिल हुन्छ तब माँ काली नै हाम्रो शक्ति र साहस बन्दछन। माँ श्यामाको कृपाले जीवनका सबै बाधाहरू हटोस् अनि हरेक मनमा शुभ विचार, शान्ति तथा प्रकाश सञ्चार होस्।राज्य विधानसभामा विपक्षका नेता शुभेन्दु अधिकारीले पनि काली पूजा अनि दीपावलीको शुभकामना दिंनुहुदै भन्नु भयो , माँ कालीले तपाईहरूलाई हरेक चुनौतीको सामना गर्नको लागि शक्ति दिउन् अनि जीवनको हरेक बाधालाई हटाइदिउन्।

तपाई अनि तपाईको परिवारलाई काली पूजा एवं दीपावलीको हार्दिक शुभकामना।

**दीवाली हिल्स तराई**

गोरखाल्याण्ड क्षेत्रिय प्रशासन इलाका , सिलगड़ी , तराई र डुर्वसमा आज भव्य रूपमा हर्ष-उल्लासका साथ पारम्परिक ढ़ंगमा प्रकाशको पर्व दीपावली मनाईन्दैछ। यस अवसरमा विभिन्न मठ - मन्दिरहरूलाई भव्य रूपले सजाईएको छ भने शहर- बजार, गाँउ, बस्ती सहित घरहरूलाई विजुली बत्ती र फूल मालाहरूले सजाईएको छ र सजाईन्दैछ। बजारहरूमा मानिसहरूको निकै भीड़ देखीएको छ। मानिसहरूले स्थानीय तथा स्वदेशी वस्तुहरूको खरीदमा निकै चासो दिईरहेका छन्। आत्मनिर्भर भारत बनाउने प्रधानमंत्री नरेन्द्र मोदीको आवहान र लक्ष्यलाई पूरा गर्न १४० करोड़ भारतीयहरूले सक्रिय यागेदान दिईरहेको स्पष्ट भान हुँदछ। यो वर्ष सँधैको तुलनामा मानिसहरूले बढ़ी मात्रामा माटो को दियो तथा स्वदेशी टयुनिंग बल्ब र लाईटहरूको खरीद गरिरहेको देखिन्दैछ जसले देशका सारा शिल्पकारहरूलाई सामान्य व्यवसाय गर्नेहरूलई निकै टेवा पुऱ्याईरहेको छ। दार्जीललिङ्को महाकाल मन्दिरमा मानिसहरूको भीड़ बिहानदेखि देखिन्दैछ। भगवान शिवसित पूजा अर्चना गर्दै आर्शीवाद लिन मानिसहरू मन्दिरमा गईरहेका छन्। यस्तै गरी खरसांगको श्री राम मन्दिर, सिलगड़ीको इस्कोन मन्दिर, श्री कृष्ण प्रणामी मन्दिर, श्री खट्टुराम मदिर , कालेबुङ्को ठाकूरबाड़ी , मंगलधाम, मिरिकको देवी मन्दिर , श्री कृष्ण मन्दिर सहित पहाड़ ,तराई डुर्वसका साना -ठूला मन्दिहरूमा पनि मानिसहरूले पूजा अर्चना गर्दै शुभ आर्शीवाद लिईरहेका छन्।

**काली पूजामा श्रद्धालहरूको उर्लियो भीड़.**

माँ कालीको आराधनाको पावन अवसरमा आज बिहानदेखिकै पश्चिम बंगालका प्रसिद्ध शक्तिपीठहरू क्रमैले कालीघाट, दक्षिणेश्वर र तारापीठमा श्रद्धालुहरूको व्यापक भीड़ उर्लिएको देखियो। बिहानदेखि नै मन्दिरहरूमा पूजा-अर्चना, भोग एवं हवनहरू भइरहेका छन्। सुरक्षालाई ध्यानमा राखेर कोलकाता पुलिसले कालीघाट एवं दक्षिणेश्वर मन्दिर परिसर तथा वरपरका क्षेत्रहरूमा विशेष प्रबन्ध गरेको छ। वास्तवमा पश्चिम बंगालमा दीपावलीको दिन माँ कालीको पूजा अर्चना गर्ने परम्परा नै रहिआएको छ। कालीघाट जुन देशभरिका 51 वटा शक्तिपीठहरूमध्ये एक हो,-मा सतीको दाहिने खुट्टा र चार वटा औंली झरेको थियो। मान्यता छ, यहाँ औंसीको रातपूर्व महालक्ष्मीलाई कालीको रूपमा पूजिन्छ। यस अवधि माँलाई चामल, पाँच प्रकारको भाजा (तेलमा भुटेको सब्जी), पाँच प्रकारको सुकेको माछा, घिउ, मिठाई र बाख्राको मासुलाई भोगस्वरूप अर्पण गरिन्छ।
यसरी नै दक्षिणेश्वर काली मन्दिरमा पनि श्रद्धालुहरूको ताँत लागेको छ।
यता बीरभूम जिल्लाको तारापीठ मन्दिरमा पनि भक्तहरूको समुद्र उर्लिएको छ। यो मन्दिर पनि 51 वटा पीठहरूमा सामेल छ जहाँ माँ सतीको आँखा झरेको थियो। यहाँ माँ कालीलाई माँ ताराको रूपमा पुजिन्छ। बिहानदेखि नै हजारौं श्रद्धालुहरू तान्त्रिक एव अघरीहरूसित पूजा, यज्ञ एवं हवनमा सामेल भइरहेका छन्। परम्परानुसार यहाँ माँलाई देशी मदिराको भोग लगाइन्छ।राज्यका यी तीन प्रमुख शक्तिपीठहरूमा बिहानदेखि अबेर रातीसम्म पूजा-अर्चनाको सिलसिला जारी रहने सम्भावना छ भक्तहरूमा माँ कालीको दर्शनलाई लिएर अपार श्रद्धा एवं उत्साह देखिँदैछ।

**राजु विष्ट**

रिम्बिक-लोधोमा समष्टीको भ्रमणको क्रममा दार्जिलिङका सांसद राजु विष्टले फञ्चायटारदेखि फेदी खोलाको बीचमा रहेको सडकको तत्काल मर्मत र निर्माणका लागि एमपीएलएडी कोषबाट ५० लाख रुपियाँ समर्पित गर्ने प्रतिबद्धता जनाएको जानकारी गराएका छन्। यस विषयमा उहाँले प्रेस विज्ञप्ति जारी गर्दै भन्नु भयो, आज यो कुरा बाँड्न पाउँदा खुसी छु कि मैले रकम स्वीकृत गरेको छु र जिल्ला प्रशासन कार्यालयमा विवरण पठाएको छु।'सांसद राजु विष्टले भन्नु भयो, 'मैले जनतालाई प्रतिबद्ध गरेको लोधोमा सार्वजनिक मैदानको पुनर्निर्माणका लागि एमपीएलएडीबाट १० लाख रुपियाँ पनि स्वीकृत गरेको छु। हालैको पहिरोका कारण रिम्बिक-लोधोमा समष्टीमा भएको विनाश अत्याधिक छ। फञ्चायटार र फेदी खोलाको दुर्गम क्षेत्रको कारणले गर्दा सरकार र प्रशासनिक पहुँच न्यून छ।'उहाँले क्षतिको गम्भीरतालाई ध्यानमा राख्दै जिल्ला प्रशासन कार्यालयले कोष निकासन प्रक्रियालाई तीव्र बनाउनेछ भन्ने मलाई धैरै आशा छ। राहत र पुनर्निर्माण सामग्रीहरू समयमै पीडितहरूसम्म पुग्न र उनीहरूको जीवनलाई छिटोभन्दा छिटो सामान्य बनाउन गतिशीलता सुनिश्चित गर्न यो महत्त्वपूर्ण खण्डको द्रुत पुनर्निर्माण आवश्यक छ।'

**<u>अवैध बंगलादेशी</u>**

प्रर्वतन निदेशालय ईडी ले राज्यमा ४०० अवैध बंगलादेशीहरूको फर्जी पासर्पोट बनाईएको कुरोको पत्तो लगाएको छ। ईडी ले अवैध बंगलादेशीहरूलाई फर्जी पासर्पोट बनाउने मामिलामा नदिया जिल्लाको चकराहबाट एकजना व्याक्तिलाई पक्राउ गरे पछि ४०० बंगलोशीहरूलाई फर्जी पासर्पोट बनाईएको खुलासा भएको हो। यस फर्जी पासर्पोट काण्डमा आरोपी इन्दु भूषणले बताए अनुसार यस रैकेटको तार पाकिस्तान संग पनि जुड़िएको छ।  पाकिस्तानी नागरिक मलिकले फर्जी तरिकाले बंगलादेशी भएर अवैध रूपमा भारत प्रवेश गरेको तथा भारतीय पासर्पोट बनाई कोलकातामा एउटा किरायाको घरमा बसेर यो रैकेटमा सामेल रहेको पनि ईडीले खुलासा गरेको छ।

****** ० ******